निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय

भगवतीबहाल, नक्साल, काठमाण्डौ, नेपाल

प.सं. क.स.। २०८२/८३
च.नं. ८१

मितिः २०८२/१०/२८

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

विषयः **त्रैमासिक प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।**

महोदय,

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ नियम २६ को (१) मा ऐन तथा यस नियमावली बमोजिम धितोपत्र दर्ता गरेका संगठित संस्थाले प्रत्येक तीन महिनाको अनुसूची-१४ मा उल्लिखित विवरण सो त्रैमासिक अवधि समाप्त भएको तीस दिनभित्र बोर्ड समक्ष पेश गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदन राष्ट्रिय स्तरको दैनिक पत्रिकामा समेत प्रकाशन गर्नु पर्नेछ, भन्ने व्यवस्था बमोजिम यस संस्थाको आ.व. २०८२/८३ को दोस्रो त्रैमासिक वित्तीय विवरण मिति २०८२/१०/२८ गते बुधबारको "आर्थिक अभियान राष्ट्रिय दैनिक" पत्रिकाको पेज नं. ३ मा प्रकाशित गरिएकाले जानकारीको लागि यसैसाथ संलग्न गरी पेश गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

संलग्नः

(क) मिति २०८२/१०/२८ गते बुधबारको "आर्थिक अभियान राष्ट्रिय दैनिक" पत्रिकाको पेज नं. ३ मा प्रकाशित संस्थाको आ.व. २०८२/०८३ को दोस्रो त्रैमासिक वित्तीय विवरण-१ थान ।

बोधार्थः

१. श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिंहदरबारप्लाजा, काठमाडौं ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं ।

भवदीय,

(पुष्कर राज सुवेदी)
व्यवस्थापक

(जग्य प्रसाद पन्त)
वरिष्ठ व्यवस्थापक

फोन नं. ०१-४५१३७९४, ४५१३८४०, इमेलः info@nirdhan.com.np, वेभसाइटः www.nirdhan.com.np

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय

भगवतीबहाल, नक्साल, काठमाण्डौ

फोन नं. ०१-४५१३७११,४५१३८४०

INTERIM FINANCIAL STATEMENTS

Condensed Statement of Financial Position
As on Quarter Ended 30th Poush 2082

Assets	This Quarter Ending	Immediate Previous Year Ending
Cash and Cash equivalent	916,586,816	1,494,174,540
Statutory Balances and Due from Nepal Rastra Bank	492,724,626	482,682,625
Placement with Bank & Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and Advances to MFIs & Cooperatives	-	-
Loans and Advances to Customers	25,652,291,062	24,384,282,757
Investment Securities	356,571,144	356,598,656
Current Tax Assets	11,263,023	-
Investment Property	-	-
Property and Equipment	214,211,634	216,859,816
Goodwill and Intangible assets	2,425,103	2,122,828
Deferred Tax Assets	758,470,454	758,470,454
Other Assets	454,416,778	318,394,469
Total Assets	**28,858,960,640**	**28,013,586,145**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from Customers	21,783,716,614	20,828,033,665
Borrowing	870,788,595	983,057,313
Current Tax Liabilities	-	6,670,899
Provisions	17,792,745	17,792,745
Deferred Tax Liabilities	-	-
Other Liabilities	339,977,071	267,489,426
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**23,012,275,025**	**22,103,044,049**
Equity		
Share Capital	2,742,683,738	2,612,079,750
Share Premium	510,111	510,111
Retained Earnings	138,343,570	359,594,773
Reserves	2,965,148,196	2,938,357,462
Total Equity	**5,846,685,615**	**5,910,542,096**
Total Liabilities and Equity	**28,858,960,640**	**28,013,586,145**

Condensed Statement of Profit or Loss
For the Quarter ended 30th Poush 2082

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Interest Income	909,296,627	1,786,797,271	701,199,788	1,749,528,610
Interest Expense	429,546,448	873,090,525	450,354,727	936,446,269
Net Interest Income	**479,750,179**	**913,706,746**	**250,845,061**	**813,082,341**
Fee and Commission Income	76,780,234	158,740,923	39,139,603	116,201,605
Fee and Commission Expense	15,183	37,450	45,774	294,023
Net Fee and Commission Income	**76,765,051**	**158,703,473**	**39,093,829**	**115,907,582**
Net Interest, Fee and Commission Income	**556,515,230**	**1,072,410,219**	**289,938,890**	**928,989,923**
Net Trading Income	-	-	-	-
Other Operating Income	16,514,127	16,514,127	361,771,673	361,771,673
Total Operating Income	**573,029,357**	**1,088,924,346**	**651,710,563**	**1,290,761,596**
Impairment charge/(reversal) for loans and other losses	222,203,898	286,939,465	169,440,817	576,933,569
Net Operating Income	**350,825,459**	**801,984,881**	**482,269,746**	**713,828,027**
Operating Expense				
Personnel Expenses	220,441,946	442,916,272	229,047,805	446,543,747
Other Operating Expenses	30,980,684	59,102,417	29,251,344	59,487,854
Depreciation & Amortization	3,748,502	7,497,004	3,246,976	6,638,371
Operating Profit	**95,654,327**	**292,469,188**	**220,723,621**	**201,158,055**
Non Operating Income	1,402,601	2,999,300	166,116	173,239
Non Operating Expense	-	1,439,946	7,016,554	7,016,554
Profit before Income Tax	**97,056,928**	**294,028,542**	**213,873,183**	**194,314,740**
Income Tax Expense	**103,495,142**	**174,290,402**	**58,294,422**	**58,294,422**
Current Tax	103,495,142	174,290,402	58,294,422	58,294,422
Deferred Tax	-	-	-	-
Profit for the Period	**(6,438,214)**	**119,738,140**	**155,578,761**	**136,020,318**

Statement of Comprehensive Income

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Profit for the Period	**(6,438,214)**	**119,738,140**	**155,578,761**	**136,020,318**
Total	**(6,438,214)**	**119,738,140**	**155,578,761**	**136,020,318**
Earnings Per Share				
Basic Earnings Per Share		8.73		10.41
Annualized Basic Earnings Per Share		8.73		10.41
Diluted Earnings Per Share		8.73		10.41

Ratios as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital fund to RWA		11.83%		13.57%
Non-performing loan (NPL) to total loan		14.12%		9.40%
Total loan loss provision to Total NPL		86.50%		131.57%
Cost of Funds		8.06%		8.43%
Credit to Deposit and borrowing Ratio		123.40%		118.48%
Base Rate		13.05%		12.98%
Interest Rate Spread		6.75%		6.42%

Statement of Distributable Profit or Loss
For the Quarter ended 30th Poush 2082
(As per NRB Regulation)

Particulars	Current Year Upto this Qtr YTD	Previous Year Corresponding Qtr YTD
Net profit or (loss) as per statement of profit or loss	**119,738,140**	**136,020,318**
Appropriations:		
a. General reserve	23,947,628	27,204,064
b. Foreign exchange fluctuation fund		
c. Capital redemption reserve		
d. Corporate social responsibility fund	1,197,381	1,360,203
e. Employees' training fund	-	-
f. Client Protection Fund	2,394,763	1,360,203
g. Other		
-Transfer from Restructure and Reschedule Reserve	-	-
-Transfer from Investment Adjustment Reserve	-	-
Profit or (loss) before regulatory adjustment	**92,198,368**	**106,095,848**
Regulatory adjustment :		
a. Interest receivable (-)/previous accrued interest received (+)		
b. Short loan loss provision in accounts (-)/reversal (+)		
c. Short provision for possible losses on investment (-)/reversal (+)		
d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+)		
e. Deferred tax assets recognized (-)/ reversal (+)		
f. Goodwill recognized (-)/ impairment of Goodwill (+)		
g. Bargain purchase gain recognized (-)/reversal (+)		
h. Actuarial loss recognized (-)/reversal (+)		
i. Other (+/-)		
Total of Regulatory Reserve :	-	-
Net Profit for the period available for Distribution	**92,198,368**	**106,095,848**
Opening Retained Earning	359,594,772	(136,573,150)
Adjustment (+/-)	-	
Distribution	313,449,570	
Bonus Shares issued	130,603,988	
Cash Dividend paid	182,845,583	
Total Distributable profit	**138,343,570**	**(30,477,302)**
Distributable Profit/Loss per share	5.04	(1.17)

Notes:

1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standards(NFRS) and certain Carve-outs issued by the Institute of Chartered Accountants ofNepal (ICAN).These figures may vary at the instances of statutory auditors and regulators.
2. The detailed interim financial report has been published in the website (https://www.nirdhan.com.np)
3. Loans and Advances are presented net of impairment charges and includes staff loans
4. Actuarial Valuation will be done for Employee Benefits
5. Personnel Expenses also include employee's bonus provision.
6. The above figures are subject to change upon otherwise as per the direction of the Regulators and/or Statutory Auditor

ब्याजदर	
बचत तथा निक्षेपमा: वार्षिक ७.५०% देखि ९.००% सम्म	**कर्जामा:** वार्षिक १०% देखी १५% सम्म

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ (नियम ३६ को उपनियम (१) संग सम्बन्धित)

आ.व. २०८२/०८३ को दोस्रो त्रैमासिक अवधिको विवरण

१. वित्तीय विवरण :

क) यस त्रैमासिक अवधिको वित्तीय अवस्था, नाफा-नोक्सान विवरण, वितरण योग्य मुनाफा तथा प्रमुख वित्तीय अनुपात यसै साथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मूल्य	तरलता अनुपात
८.७३	८१.१०	२१३.१७	१,०५२.२२	६.४१%

२. व्यवस्थापकीय विश्लेषण:

क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण : त्रैमासिक अवधिमा यस संस्थाको आम्दानी गत आ.व.को समीक्षा अवधिको तुलनामा सन्तोषप्रद रहेको छ। समीक्षा अवधिमा कर्जा लगानी, बचत परिचालनमा वृद्धि भएकोछ। आगामी दिनमा उपलब्ध श्रोत साधनको सहि तवरले प्रयोग गर्दै विपन्न वर्गका ऋणीहरुको आवश्यकता पुरा गर्न तथा संस्थागत लक्ष्य हाँसिल गर्न संस्था कटिबद्ध रहेको छ।

ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण : यस वित्तीय संस्थाले देशका ७७ वटै जिल्लाका ५५४ वटा स्थानिय निकायमा १८५ शाखा कार्यालयहरु मार्फत वित्तीय सेवा प्रदान गर्दै आईरहेको छ। संस्थाले कार्यक्रम विस्तार गर्दा सेवाको पहुँच नपुगेका विपन्न घर परिवारलाई प्राथमिकतामा राख्ने कार्यलाई निरन्तरता दिइएको छ। आ.व. २०८२/०८३ को दोश्रो त्रैमाससम्ममा यस संस्थाले कुल ४,०२,३९० घरधुरीमा लघुवित्त सेवा प्रदान गरेको छ।

संस्थाले आफ्ना ग्राहक सदस्यहरुको क्षमता अभिबृद्धि गर्न, उद्यमशीलता विकास गर्न, व्यवसाय विस्तार गर्न व्यवसायिक साक्षरता, वित्तीय साक्षरता, अन्तरक्रिया कार्यक्रम, सिप विकास तथा उद्यमशीलता तालिम प्रदान गर्ने कार्यलाई प्राथमिकतामा राखी कार्यान्वयन गरेको छ। गुणस्तरिय लघुवित्त सेवा प्रदान गर्न संस्था पूर्णरुपमा प्रतिबद्ध रहेको छ। कार्यक्रमलाई प्रभावकारीरुपमा संचालन गर्न कर्मचारीहरुलाई आवश्यक व्यवसायिक तालिम तथा अन्तरक्रिया कार्यक्रममा सहभागी गराई ग्राहकमैत्री सेवा प्रदान र सम्बन्ध विस्तारमा जोड दिइएको छ। ग्राहक सदस्यहरुको समय सापेक्ष चाहना र आवश्यकता अनुसार सेवालाई परिस्कृत गरि थप ग्राहक/सदस्यमैत्री हुन व्यवस्थापन सदैव प्रतिबद्ध छ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : यस अवधिमा लगानीमा रहेको कर्जामा वृद्धि भएको छ। संचालन मुनाफामा गत आ.व. को तुलनामा वृद्धि भएको छ। प्रयोजन अनुसार व्यवसायिक कर्जा उपयोग गराई कर्जा गुणस्तर कायम राख्ने कार्यमा जोड दिइएकोछ। देशमा आर्थिक क्रियाकलाप अपेक्षितरुपमा चलायमान हुन नसकेकाले संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पार्न सक्ने देखिन्छ। तथापी विगतको अनुभवको आधारमा विद्यमान जोखिम न्यूनीकरण गर्न सकिने तथा संस्थाले तय गरेका कार्यनीतिहरुले यस आर्थिक वर्षमा लक्ष्य प्राप्तहुनेमा व्यवस्थापन आशावादी रहेको छ।

३. कानुनी कारवाही सम्बन्धी विवरण :

क) यस अवधिमा संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र संस्थाको विरुद्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त भएको छैन।

ख) संस्थाका संस्थापक वा संचालकले संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्धा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

४. संगठित संस्थाको सेयर कारोवार सम्बन्धी विश्लेषण :

क) दोश्रो बजारमा हुने शेयर कारोवारको मुल्य खुल्ला बजारले निर्धारण गरे अनुरुप हुने संस्थाको धारणा रहेकोछ। यस संस्थाको शेयर कारोबार संतोषजनक नै रहेको छ।

ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइट www.nepalstock.com अनुसार गत त्रैमासिक अवधि (२०८२ कार्तिक १ देखि पौष मसान्त सम्म) मा यस संस्थाको शेयर कारोवार विवरण :

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोवार दिन	कारोवार संख्या
८०२	६८७	७०८	५५	२,९०२

५. समस्या तथा चुनौती:

क) ग्राहकवर्गमा वित्तीय अनुशासनको कमि हुनु।

ख) कर्जाको गुणस्तरमा अभिबृद्धि गर्न तथा निष्क्रिय कर्जाको न्यूनिकरण गर्न।

ग) सदस्यहरुद्वारा उत्पादित वस्तुको बजार व्यवस्था हुन नसक्नु र उचित मूल्य नपाउने समस्या हुनु।

घ) संस्थाहरुबिच अस्वस्थ्य प्रतिष्पर्धा हुनु र क्षमताभन्दा बढि कर्जा प्रवाह हुनु।

ङ) संस्थाको संचालन खर्चमा हुने बृद्धिको कारण आधारदरमा बढोत्तरी भएकाले मितव्ययीता अपनाउनु पर्ने आवश्यकता हुनु।

च) लघुवित्त विरोधी गतिविधीहरु र भ्रामक समाचारले पार्न सक्ने प्रभावहरु बद्दो रुपमा रहनु।

छ) फिल्डस्तरमा कर्मचारीहरुमा त्रासको अवस्था हुनु र मनोबल कमजोर रहनु।

६. संस्थागत सुशासन:

संस्थागत सुशासन कायम गर्न संस्था सदैव प्रतिबद्ध रहेको छ। संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै प्रचलित ऐन तथा कानुनहरुको परिपालना गर्दै आएको छ। संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, आन्तरिक लेखापरीक्षण निर्देशिका, व्यवस्थापन सूचना प्रणाली नीति, सम्पत्ति दायित्व व्यवस्थापन नीति, लगानी नीति लगायतका नीति, नियम, निर्देशिकाहरु बनाई पालना गरिएको छ। त्यसैगरी लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति र सम्पत्ति शुद्धीकरण अनुगमन समिति गठन गरी कार्यान्वयनमा ल्याइएको छ।

७. सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण:

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगतरुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाई आवश्यक निर्णय लिन कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।